नेपाल सरकार
वाणिज्य मन्त्रालय

# नेपाल इन्टरमोडल यातायात विकास समिति

ज्ञानेश्वर, काठमाडौं

## परामर्श सेवा सम्बन्धी सूची दर्ता गराउने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७३।०६।०९)

यस कार्यालयलाई आ.व. २०७३।७४ का लागि तपसिल बमोजिमका परामर्श सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुदा सूची (Standing List) दर्ताको लागि निम्न कागजात आफैले प्रमाणित गरी निवेदनमा रु. १० को टिकट टाँस गरी जुन जुन समूहमा परामर्श सेवा उपलब्ध गराउने हो सो को प्राथमिकता अनुसार स्पष्ट विवरण खुलाई मिति २०७३।०६।३० गते भित्र यस कार्यालयमा रितपूर्वकको निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै यो सूचना समितिको वेभसाइट www.nitdb.org मा समेत हेर्न सकिनेछ।

| | |
|---|---|
| क) मुलुकको विभिन्न नाकाहरुमा सुख्खा बन्दरगाह तथा अन्य पूर्वाधार विकासको सम्भाव्यता अध्ययन। | |
| ख) भौतिक संरचना सुधारको गुरुयोजना तयार गर्ने | ग) अन्तर्राष्ट्रिय व्यापारमा रहेका समस्या समाधान। |
| घ) सर्भे डिजाइन र लागत अनुमानको तयारी। | ङ) रेलवे ट्र्याक निर्माण तथा मर्मत सम्भार सम्बन्धी। |
| च) शीत भण्डारको स्थापना सम्बन्धी। | छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार सहजीकरण सम्बन्धी |
| ज) वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी। | झ) विद्यमान व्यापारीक नाकाहरुको स्तरोन्नती सम्बन्धी। |
| ञ) कम्प्यूटर सफ्टवेयर तथा नेटवर्किंग। | ट) कानूनी, वित्तिय, खरीद तथा इन्जिनियरींग सेवा। |
| ठ) व्यवस्थापकीय सुधार। | ड) कर्मचारी वृत्ति विकास तालीम तथा परामर्श सेवा। |
| ढ) सबस्टेशन, इलेक्ट्रिक डिस्ट्रीब्युसन सिष्टम डिजाइन तथा मर्मत सम्बन्धी। | |

**निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु:**

१. फर्म दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी।
२. स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. आ.व. २०७१/७२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।
४. सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनि लिखित रुपमा घोषणा गरेको पत्र।

**अन्य जानकारीहरु:**

१) रित नपुगी तथा म्याद नाघी आएको दरखास्तलाई मान्यता दिइने छैन।
२) कम्पनी, फर्म वा संस्था सूचीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ